विधेयक संख्याः

**प्रदेश उच्च शिक्षा ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक**

२०८३

**प्रदेश सभा सचिवालय**

**बागमती प्रदेश**

**हेटौंडा, नेपाल**

## उद्देश्य र कारण

नेपालको संविधानको धारा ५७ को उपधारा (२) मा प्रदेशको एकल अधिकारको प्रयोग संविधान र प्रदेश कानून बमोजिम हुने उल्लेख गरिएको छ। नेपालको सविधानको अनसूची – ६ अन्तर्गत प्रदेशको अधिकार सूची अन्तर्गत क्र.सं. ८ मा प्रदेश विश्वविद्यालय र उच्च शिक्षालाई प्रदेश तहको एकल अधिकार सूचीमा सूचीकृत गरिएको छ।

प्रदेशको मौलिक सम्भावना र चुनौतीलाई मध्यनजर गर्दै समुदायको ज्ञान, सीप र प्रविधिलाई शिक्षासँग जोड्न, शैक्षिक तथा प्राज्ञिक क्षेत्रलाई मर्यादित, गुणस्तरीय र व्यवहारिक बनाई प्रदेशको आर्थिक तथा सामाजिक विकासमा मदत पुर्याउने उद्धेश्यले उच्च शिक्षाको संस्थागत विकास गर्दै वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि, राष्ट्रिय भाषा र संस्कृतिको विकास गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरुको संरक्षण गर्न, गुणात्मक एवम् स्तरयुक्त उच्च शिक्षाको अवसर सबै क्षेत्रका सर्वसाधारणलाई सर्वसुलभ रुपमा उपलब्ध गराई राष्ट्रिय विकासमा दक्ष जनशक्तिको आपूर्तिलाई सुनिश्चित तुल्याउन र प्रतिस्पर्धाको आधारमा उच्च शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्दै देशको शैक्षिक एवं प्राज्ञिक वातावरणलाई बढी स्वच्छ, मर्यादित र उपलब्धिमूलक तुल्याउन, विश्वविद्यालय र उच्च शिक्षण संस्थाको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापन सम्बन्धी कार्यलाई एकीकृत र व्यवस्थित बनाउन प्रदेश उच्च शिक्षा ऐन, २०७८ जारी भई कार्यान्वयनमा रहेको छ ।

विश्वविद्यालय स्वायत्त हुने विश्वव्यापी मान्यता अनुरुप योजनावद्धरुपमा प्राज्ञिक उत्कृष्टता कायम गर्न, कार्यकारिणी संयन्त्रमा हुने वा हुनसक्ने फेरबदलको प्रत्यक्ष असर र प्रभाव विश्वविद्यालयमा पर्न नदिइ प्राज्ञिक निर्णयका स्वतन्त्रता र सुनिश्चतता कायम गर्न साथै प्रदेश प्रशासनिक संरचना पुनरावलोकन अध्ययन तथा सुझाब समितिको प्रतिवेदनमा प्रदेशमा स्थापना हुने विश्वविद्यालयहरुलाई ऐन मार्फत स्थापना र व्यवस्थापन गर्नुपर्ने सुझाव उल्लेख भएको हुँदा प्राज्ञिक स्वायत्तता सुनिश्चित हुनेगरी विश्वविद्यालय एवम उच्च शिक्षण संस्थाहरुको सञ्चालन तथा व्यवस्थापनमा समयसापेक्ष सुधार गर्नका लागी यो विधेयकको आवश्यकता रहेको देखिन्छ।

प्रस्तुत सन्दर्भमा प्रदेश उच्च शिक्षा ऐन, २०७८ कार्यान्वयनमा रहेको, प्रदेश प्रशासनिक संरचना पुनरावलोकन अध्ययन तथा सुझाब समितिको प्रतिवेदनको सुझाव सम्बोधनको लागि र विश्वविद्यालय एवम उच्च शिक्षण संस्थाको प्राज्ञिक स्वायत्तता सुनिश्चित हुनेगरी समयसापेक्ष रुपमा उच्च शिक्षाको व्यवस्थापकीय सुधार जस्ता कार्यहरू व्यवस्थित गर्नु नै यो विधेयकको मुख्य उद्येश्य हो।

## आर्थिक टिप्पणी

प्रदेश उच्च शिक्षा ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक कार्यान्वयन हुँदा प्रदेश सरकारको लगानीमा स्थापना र सञ्चालन हुने सार्वजनिक विश्वविद्यालय बाहेक अन्य प्रकृतिका विश्वविद्यालयमा प्रदेश सरकारको नियमित एवम् अनिवार्य वित्तिय दायित्व पर्ने देखिदैंन।

प्रदेश उच्च शिक्षा ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयकमा प्रस्ताव भएको प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

| दफा | प्रत्यायोजित व्यवस्थापन | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सिमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|
| दफा ८क. | (१) दफा ८ मा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालयसँग सम्बन्धित छुट्टै ऐनबाट सार्वजनिक वा सामुदायिक प्रकृतिको मानित विश्वविद्यालय स्थापना र सञ्चालन गर्न सकिनेछ। | स्थापना र सञ्चालन हुने हुँदा नियमावलीमा थप स्पष्ट व्यवस्था गरिरहन नपर्ने | छुट्टै ऐनबाट विश्वविद्यालय स्थापना हुँदा प्राज्ञिक स्वायत्तता सहित विश्वविद्यालय सञ्चालन हुने |
| दफा ८क. | (४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम स्थापना भएको विश्वविद्यालयको संस्थागत संरचना, संरक्षक समिति (बोर्ड अफ ट्रष्टी), पदाधिकारीको नियुक्ति, शिक्षक तथा कर्मचारीको व्यवस्थापन, पदपूर्ति लगायत विश्वविद्यालयको सञ्चालन र नियमन सम्बन्धी अन्य व्यवस्था विश्वविद्यालय सम्बन्धी सोही ऐनमा व्यवस्था भए बमोजिम हुनेछ। | सम्बन्धित ऐनमा नै व्यवस्था गरिए बमोजिम हुने भएकोले यस ऐन अन्तर्गतको नियमावलीमा थप स्पष्ट व्यवस्था गरिरहन नपर्ने | हाल स्थापना भएको य बागमती विश्वविद्यालयलाइ समेत आफ्नो छुट्टै ऐनबाट व्यवस्थित हुन सहज हुने |
| दफा १३को उपदफा (९) | “(ङ) विश्वविद्यालयको लागि आवश्यक पर्ने नीति, नियम, रणनीतिक योजना तथा कार्ययोजना स्वीकृत गर्ने ।<br>(छ)विश्वविद्यालयबाट प्रदान गरिने उपाधिहरुको निर्णय गर्ने।” | विश्वविद्यालयको नीति, नियम, रणनीतिक योजना तथा कार्ययोजना निर्माण, स्वीकृति र कार्यान्वयन प्रकृया साथै विश्वविद्यालयबाट प्रदान गरिने उपाधिका बारेमा विस्तृत रुपमा विश्वविद्यालयको विनियममा उल्लेख गरिने । | विश्वविद्यालयहरु निर्णयमा स्वायत्त रहने |

प्रदेश उच्च शिक्षा ऐन २०७८ लाई संशोधन गर्न बनको विधेयकको तिन महले

| दफा/उपदफा/खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नु पर्नाका कारण |
|---|---|---|---|
| ५(१)छ(१) | नभएको | दफा ८क. बमोजिम विश्वविद्यालय स्थापना गर्न सहमती प्रदान गर्ने | विश्वविद्यालय स्थापनाका सम्बन्धमा प्रदेश उच्च शिक्षा परिषदसमेत जवाफदेही हुने |
| ७ (१) | खण्ड (ज) र (ट) | झिकिएको | |
| ७ (३) | | झिकिएको | |
| ८ (६) | | झिकिएको | |
| ८क. | नभएको | <u>**८क.विश्वविद्यालय स्थापना सम्बन्धी विशेष व्यवस्था:**</u> (१) दफा ८ मा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालयसँग सम्बन्धित छुट्टै ऐनबाट सार्वजनिक वा सामुदायिक प्रकृतिको मानित विश्वविद्यालय स्थापना र सञ्चालन गर्न सकिनेछ।<br>(२) विश्वविद्यालय स्थापना र सञ्चालन गर्न आवश्यक भौतिक पूर्वाधार भएको र कुनै विश्वविद्यालयबाट सम्बन्धन लिई कुनै शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेको कुनै प्रतिष्ठित सामुदायिक, गैरमुनाफामूलक वा सार्वजनिक शैक्षिक संस्थाले उपदफा (१) बमोजिम विश्वविद्यालय सम्बन्धी छुट्टै ऐनबाट मानित विश्वविद्यालयको रुपमा स्थापना र सञ्चालन हुन चाहेमा देहायका पूर्व शर्त पूरा गरी प्रदेश सरकारको सम्बन्धित निकायमा अनुरोध गर्नु पर्नेछः-<br>(क) विश्वविद्यालय सञ्चालनको लागि सम्बन्धित संस्थाको सर्वसम्मत निर्णय,<br>(ख) त्यस्तो संस्थाको सम्पूर्ण सम्पत्ति विश्वविद्यालयको हुने कुराको सर्वसम्मत निर्णय,<br>(ग) प्रचलित कानून बमोजिम स्थापना भएको संस्थाको हकमा सम्बन्धित निकायको सहमति,<br>(घ) विश्वविद्यालयको सञ्चालक | विश्वविद्यालय स्वायत्त हुने विश्वव्यापी मान्यता अनुरुप योजनावद्धरुपमा प्राज्ञिक उत्कृष्टता कायम गर्न ।<br>प्रदेश पुर्नसंरचना प्रशासनिक आयोगको प्रतिवेदनको सुझावको कार्यान्वयन गर्नु पर्ने भएकोले । |

| | | | |
|---|---|---|---|
| | | समितिको (बोर्ड अफ ट्रष्टीको) पूर्ण स्वतन्त्र र स्वायत्तता रहने कुराको प्रतिबद्धता,<br><br>(ङ) विश्वविद्यालय खारेज हुँदाको बखतमा सम्पूर्ण सम्पत्ति नेपाल सरकार वा प्रदेश सरकारको हुने लिखित निर्णय,<br><br>स्पष्टीकरण: यस खण्डको प्रयोजनको लागि उपदफा (२) बमोजिमको सामुदायिक, गैरमुनाफामूलक वा सार्वजनिक शैक्षिक संस्था संघीय कानून बमोजिम स्थापना भएकाको हकमा नेपाल सरकार र प्रदेश कानून बमोजिम स्थापना भएकाको हकमा प्रदेश सरकारलाई जनाउनेछ।<br><br>(च)खण्ड (क) देखि (ङ) सम्मको अवस्था पूरा भएको आधारमा विश्वविद्यालय स्थापना गर्न परिषद्को सहमति।<br><br>(३) उपदफा (२) बमोजिमको शर्त पूरा भएपछि मात्र उपदफा (१) बमोजिमको विश्वविद्यलाय स्थापनाको कार्य प्रारम्भ हुनेछ।<br><br>(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम स्थापना भएको विश्वविद्यालयको संस्थागत संरचना, संरक्षक समिति (बोर्ड अफ ट्रष्टी), पदाधिकारीको नियुक्ति, शिक्षक तथा कर्मचारीको व्यवस्थापन, पदपूर्ति लगायत विश्वविद्यालयको सञ्चालन र नियमन सम्बन्धी अन्य व्यवस्था विश्वविद्यालय सम्बन्धी सोही ऐनमा व्यवस्था भए बमोजिम हुनेछ।<br><br>(५) उपदफा (१) बमोजिम प्रदेश सरकारको लगानीमा स्थापना र सञ्चालन हुने बाहेक त्यसरी स्थापना हुने विश्वविद्यालयमा प्रदेश सरकारको लगानी वा कुनै किसिमको नियमित वित्तीय दायित्व रहने छैन।" | |

| | | | |
|---|---|---|---|
| १३ को उपदफा (९) | (ङ)विश्वविद्यालयको लागि आवश्यक पर्ने नीति तथा नियमहरू सिफारिस गर्ने र विश्वविद्यालयको रणनीतिक कार्ययोजना स्वीकृत गर्ने (छ)विश्वविद्यालयबाट प्रदान गरिने उपाधिहरूको परिषद्मा सिफारिस गर्ने | (ङ)"विश्वविद्यालयको लागि आवश्यक पर्ने नीति, नियम, रणनीतिक योजना तथा कार्ययोजना स्वीकृत गर्ने"<br>(छ)"विश्वविद्यालयबाट प्रदान गरिने उपाधिहरुको निर्णय गर्ने" | विश्वविद्यालय स्वायत्त हुने विश्वव्यापी मान्यता अनुरुप योजनवद्धरुपमा प्राज्ञिक उत्कृष्टता कायम गर्न । |
| १३ | नभएको | उपदफा (१) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको : "तर दफा ८क.बमोजिम छुट्टै ऐनबाट स्थापना भएको विश्वविद्यालयको हकमा सोही ऐनमा व्यवस्था भए बमोजिम हुनेछ।" | विधान स्वीकृतिबाट र ऐनबाट स्थापना हुने विश्वविद्यालयहरुको स्वीकृति, स्थापना र सञ्चालनमा स्पष्टता कायम गर्न |
| ४५ | | खारेज | |

# **प्रदेश उच्च शिक्षा ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक**

**प्रस्तावना:** प्रदेश उच्च शिक्षा ऐन, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश उच्च शिक्षा (पहिलो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **प्रदेश उच्च शिक्षा ऐन, २०७८ को दफा ५ मा संशोधनः** प्रदेश उच्च शिक्षा ऐन, २०७८ (यसपछि "मूल ऐन" भनिएको) को दफा ५ को उपदफा (१) को खण्ड (छ) पछि देहायको खण्ड (छ१) थपिएको छः-

"(छ१) दफा ८क. बमोजिम विश्वविद्यालय स्थापना गर्न सहमति प्रदान गर्ने,"

३. **मूल ऐनको दफा ७ मा संशोधनः** मूल ऐनको दफा ७ को,-

(१) उपदफा (१) को खण्ड (ज) र (ट) झिकिएका छन्।

(२) उपदफा (३) झिकिएको छ।

४. **मूल ऐनको दफा ८ मा संशोधनः** मूल ऐनको दफा ८ को उपदफा (६) झिकिएको छ।

५. **मूल ऐनमा दफा ८क. थपः** मूल ऐनको दफा ८ पछि देहायको दफा ८क. थपिएको छ।

"८क. **विश्वविद्यालय स्थापना सम्बन्धी विशेष व्यवस्थाः** (१) दफा ८ मा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालयसँग सम्बन्धित छुट्टै ऐनबाट सार्वजनिक वा सामुदायिक प्रकृतिको मानित विश्वविद्यालय स्थापना र सञ्चालन गर्न सकिनेछ।

(२) विश्वविद्यालय स्थापना र सञ्चालन गर्न आवश्यक भौतिक पूर्वाधार भएको र कुनै विश्वविद्यालयबाट सम्बन्धन लिई कुनै शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेको कुनै प्रतिष्ठित सामुदायिक, गैरमुनाफामूलक वा सार्वजनिक शैक्षिक संस्थाले उपदफा (१) बमोजिम विश्वविद्यालय सम्बन्धी छुट्टै ऐनबाट मानित विश्वविद्यालयको रुपमा स्थापना र सञ्चालन हुन चाहेमा देहायका पूर्व शर्त पूरा गरी प्रदेश सरकारको सम्बन्धित निकायमा अनुरोध गर्नु पर्नेछः-

(क) विश्वविद्यालय सञ्चालनको लागि सम्बन्धित संस्थाको सर्वसम्मत निर्णय,

(ख) त्यस्तो संस्थाको सम्पूर्ण सम्पत्ति विश्वविद्यालयको हुने कुराको सर्वसम्मत निर्णय,

(ग) प्रचलित कानून बमोजिम स्थापना भएको संस्थाको हकमा सम्बन्धित निकायको सहमति,

(घ) विश्वविद्यालयको सञ्चालक समितिको (बोर्ड अफ ट्रष्टीको) पूर्ण स्वतन्त्र र स्वायत्तता रहने कुराको प्रतिबद्धता,

(ङ) विश्वविद्यालय खारेज हुँदाको बखतमा सम्पूर्ण सम्पत्ति नेपाल सरकार वा प्रदेश सरकारको हुने लिखित निर्णय,

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि उपदफा (२) बमोजिमको सामुदायिक, गैरमुनाफामूलक वा सार्वजनिक शैक्षिक संस्था संघीय कानून बमोजिम स्थापना भएकाको हकमा नेपाल सरकार र प्रदेश कानून बमोजिम स्थापना भएकाको हकमा प्रदेश सरकारलाई जनाउनेछ।

(च) खण्ड (क) देखि (ङ) सम्मको अवस्था पूरा भएको आधारमा विश्वविद्यालय स्थापना गर्न परिषद्को सहमति।

(३) उपदफा (२) बमोजिमको शर्त पूरा भएपछि मात्र उपदफा (१) बमोजिमको विश्वविद्यलाय स्थापनाको कार्य प्रारम्भ हुनेछ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम स्थापना भएको विश्वविद्यालयको संस्थागत संरचना, संरक्षक समिति (बोर्ड अफ ट्रष्टी), पदाधिकारीको नियुक्ति, शिक्षक तथा कर्मचारीको व्यवस्थापन, पदपूर्ति लगायत विश्वविद्यालयको सञ्चालन र नियमन सम्बन्धी अन्य व्यवस्था विश्वविद्यालय सम्बन्धी सोही ऐनमा व्यवस्था भए बमोजिम हुनेछ।

(५) उपदफा (१) बमोजिम प्रदेश सरकारको लगानीमा स्थापना र सञ्चालन हुने बाहेक त्यसरी स्थापना हुने विश्वविद्यालयमा प्रदेश सरकारको लगानी वा कुनै किसिमको नियमित वित्तीय दायित्व रहने छैन।"

६. **<u>मूल ऐनको दफा १३ मा संशोधनः</u>** मूल ऐनको दफा १३ को,-

(१) उपदफा (१) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर दफा ८क. बमोजिम छुट्टै ऐनबाट स्थापना भएको विश्वविद्यालयको हकमा सोही ऐनमा व्यवस्था भए बमोजिम हुनेछ।"

(२) उपदफा (९) को खण्ड (ङ) र (छ) को सट्टा देहायको खण्ड (ङ) र (छ) राखिएको छः-

“(ङ) विश्वविद्यालयको लागि आवश्यक पर्ने नीति, नियम, रणनीतिक योजना तथा कार्ययोजना स्वीकृत गर्ने ।

(छ) विश्वविद्यालयबाट प्रदान गरिने उपाधिहरुको निर्णय गर्ने।”

७. **खारेजीः** मूल ऐनको दफा ४५ खारेज गरिएको छ।